म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक १० बिहीबार २४ साउन २०८१ ने. सं. ११४४ गुँलाथ्व 8 August 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**पानीको स्रोत तथा वितरण प्रणाली सफा राखौं**

- पानीका मुहान तथा स्रोतलाई सफा र सुरक्षित राखौं ।
- खानेपानीको मुहान तथा स्रोतमा गाईवस्तु, चराचुरुङ्गी तथा अन्य जीवजन्तु छिर्न नसक्ने गरी बार लगाऔं ।
- पानीको मूल, पानी प्रशोधन यन्त्र तथा पानी भण्डारण गर्ने ट्यांकी समय-समयमा सफा गरौं ।
- पानी ट्यांकी, धाराका टुटी तथा पानी संकलन गरिएका भाँडा नियमित सफा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# हेटौंडाबाट 'अनलाइन ठगीधन्दा चलाउने' ९ जना भारतीय पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, २३ साउन/ हेटौंडामा फर्जी कम्पनी खडा गरेर कार्यालय सञ्चालन गरी अनलाइन ठगी धन्दा चलाएको आरोपमा जिल्ला प्रहरी कार्यालय मकवानपुरले भारतीय नागरिक ९ जनालाई पक्राउ गरेको छ ।

मकवानपुर प्रहरीले २१ साउन सोमबार साँझ हेटौंडा उपमहानगरपालिका-४ पारि जातपथस्थित प्रमोद वाग्लेको घरको पाँचौं तलाको फ्ल्याट भाडामा लिएर कार्यालय सञ्चालन गरी अनलाइन ठगी धन्दा चलाइरहेको सूचनाको आधारमा छापा मारेको थियो । छापा मार्दा काम गरिरहेका ९ जना भारतीयसहित ल्यापटप, मोवाइल लगायतका विद्युतीय उपकरण प्रहरीले बरामद गरेको छ ।



मकवानपुरका प्रहरी प्रमुख प्रहरीउपरीक्षक सीताराम रिजालले फर्जी कम्पनी दर्ता गरी कार्यालय नै राखेर अनलाइन ठगीमा संलग्न भारतीय ९ जनालाई पक्राउ गरी अदालतमा पेश गरिएको जानकारी दिए । 'त्यहाँबाट अनलाइन ठगीको काम हुने गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ । तर, सबै डाटाहरु भारतको राँचीस्थित हेड अफिसमा मात्रै रहेको भेटिएको छ ।,' एसपी रिजालले भने ।

प्रहरीले भारतको पटना थाना आलमगंज-५७ बस्ने २८ वर्षीय नवनित कुमार, झारखण्ड बस्ने २७ वर्षीय शाहरुख खान, विहार बस्ने २९ वर्षीय कुन्दन कुमार, नैनिताल उत्तराखण्ड बस्ने २६ वर्षीय आशिष कब्डौला, राँची झारखण्ड बस्ने ३४ वर्षीय विशाल कक्कडलाई पक्राउ गरेको एसपी रिजालले जानकारी दिएका छन् ।

यसैगरी, राँची झार खण्डका ३८ वर्षीय लोकेशकुमार दुवे, राँची झारखण्डकै २९ वर्षीय विकासकुमार सिंह, नांगलोड वेस्ट दिल्ली बस्ने २८ वर्षीय अरुण कुमार र गजियावाद उत्तरप्रदेशका ४० वर्षीय कुनाल शर्मालाई पक्राउ गरिएको एसपी रिजालले जानकारी दिए । ठगी धन्दामा संलग्न थप तीनजना फरार रहेको उनको भनाई छ । कम्पनीमा १२ जना भारतीय नागरिक मात्रै कार्यरत रहेकोमा कम्पनीका सञ्चालक विनकुमार सिंह, रजत शर्मा र प्रकाश भनिने आरोपित फरार रहेका हुन् ।

भारत नयाँदिल्ली घर भएका विनकुमार सिंहको नाममा १० फागुन २०८० मा हेटौंडा उपमहानगरपालिका कार्यालयमा 'मेडि असिष्ट' कम्पनी दर्ता गरी परामर्श सेवाप्रदान गर्ने उद्देश्यले कम्पनी खोलेको प्रहरीले जनाएको छ । कम्पनी सोही मितिमा आन्तरिक राजश्व कार्यालय हेटौंडामा प्यान नं. लिन मानवस्वास्थ्यसम्बन्धी अन्य क्रियाकलापका सेवाप्रदान गर्ने प्रयोजनका लागि दर्ता रहेको एसपी रिजालले जानकारी दिए ।

'मेडि असिष्ट' कम्पनी देखाएर सर्वसाधारणलाई अनेकौं प्रलोभनमा पार्ने, सट्टेबाजी खेलाउने, क्रिप्टोकरेन्सीको काम गर्ने, उपहार परेको वा पार्सल आएको नाममा अनलाइन ठगी गर्ने गरेको अनुसन्धानबाट पत्ता लागेको उनले बताए । पक्राउ परेका ९ जना काम गर्ने कर्मचारी रहेको र तलब १८ हजारदेखि ५० हजार रुपैयाँ नगदमै बुझ्दै आएको प्रहरीले जनाएको छ ।

यो कम्पनीद्वारा कुनै पनि आर्थिक कारोबार कानून बमोजिम नगरिएको साथै अभिलेखिकरण पनि नभएको, भारतको राँचीस्थित हेड अफिसमा मेन सरभर राखेर 'क्वीक कल क्लाइन्ट सफ्ट्वेयर' मार्फत काम गर्ने गरिएको, सफ्टवेयरमार्फत 'टार्गेट' व्यक्तिको पहिचान गरी उसको सम्पूर्ण विवरण सफ्टवेयर मार्फत् नै भारत पठाउने गर्ने गरिएको प्रारम्भिक अनुसन्धानबाट खुलेको एसपी रिजालले जानकारी दिए ।

यो कम्पनीले नेपाली तथा विभिन्न देशका व्यक्तिलाई 'टार्गेट' बनाउने गरेको, कम्पनीले अधिकांश रातको समयमा मात्र काम गर्ने गरेको, जुन उद्देश्यले कम्पनी दर्ता गरिएको थियो त्यो अनुसारको कुनै पनि कार्यहरु हालसम्म पनि नगरिएको पाइएको छ । प्रहरीले यो कार्यालयबाट ल्यापटप ७ वटा, राउटर ३ वटा, मोवाइल १३ वटा, हार्डडिस्क १ वटा, हेडफोन ४ वटा, माउस २ वटा, ल्यापटपका चार्जर १८ वटा, वेब क्यामेरा एउटा, मेडी एसिस्ट डाईरेक्टर लेखेको स्ट्याम्प २ थान, मेडी एसिस्ट लेखेको स्ट्याम्प २ थान बरामद गरिएको प्रहरीले जनाएको छ ।

पक्राउ परेका ९ जनामाथि मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद २१ को दफा २४९ को उपदफा (१), (२) विपरित कसुर अपराध गरेको मकवानपुर जिल्ला अदालतमा मुद्दा दायर भएको छ । जिल्ला अदालतबाट १० दिनको म्याद थप गरी अनुसन्धान भइरहेको प्रहरी उपरीक्षक रिजालले बताए । आरोपित ९ जनामाथि सोही ऐनको परिच्छेद ३ को दफा ३४ को उपदफा ३ बमोजिम दण्ड सजाय माग गरिएको छ ।

# सरकारी अस्पतालमा डेंगुको उपचार नि:शुल्क

साझाकुरा संवाददाता

हेटौंडा, २३ साउन/ सरकारले डेंगु संक्रमितको सरकारी अस्पतालमा नि:शुल्क उपचार गर्ने भएको छ । स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलको उपस्थितीमा मन्त्रालय तथा अन्तर्गतका विभाग, संघीय अस्पताल, महाशाखा, केन्द्र, स्वास्थ्य प्रतिष्ठान तथा मेडिकल कलेजका प्रमुखसँग भएको छलफल पश्चात यो निर्णय गरिएको हो ।

मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीका अनुसार बैठकले आ-आफ्नो कार्यालयमा सतर्कता र सचेतनाका कार्यक्रम संचालन गर्ने, डेंगु डेस्क स्थापना गरी फोकल पर्सन तोक्ने र सरकारी अस्पतालमा बिरामीको उपचार नि:शुल्क गर्ने निर्णय गरेको हो । नेपालका ७३ वटा जिल्लामा २ हजार ३६५ डेंगु संक्रमित पुष्टी भएका छन् । जसमध्ये तनहुँमा ५० वर्षीय एक पुरुषको मृत्यु भएको छ ।

यसवर्ष सबैभन्दा बढी बागमती प्रदेशमा डेंगु संक्रमित भेटिएका छन् । इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको तथ्यांक अनुसार बागमतीमा ७४७, कोशीमा ५३७, गण्डकीमा ५०८, लुम्बिनीमा २४७, सुदुरपश्चिममा २४२, मधेशमा ४७ र कर्णाली प्रदेशमा ३८ जनामा डेंगु संक्रमण पुष्टि भएको छ ।

'अघिल्लो वर्षको तुलनामा बिरामीको संख्यामा वृद्धि भएको छैन तर, जोखिम भने कायम नै छ,' डा. बुढाथोकीले भने, 'मन्त्रालय तथा मन्त्रालय मातहतका निकायले डेंगुको निरन्तर निरागनी र पूर्वतयारी तथा प्रतिकार्यको गतिविधि सञ्चालन गरिरहेको छ ।,'

CLASSIC TECH

'आफ्नो घर, 'आफ्नै नेट

125 Mbps
रू 303/-
प्रति महिना

INCLUDING
5Ghz Wi-Fi 6 Router
Smart STB



IPTV
+200 HD Premium Channels
रू ४५०/-
रू २५०/-
प्रति महिना

जडान खर्च रू ३/- मात्र ।

9801004477 / 9802922304 www.classic.com.np

# सामुदायिक वन दिवसमा वृक्षरोपण

साझाकुरा संवाददाता

हेटौंडा, २३ साउन/ सामुदायिक वन उपभोक्ता महासंघ, मकवानपुरले नवौं सामुदायिक वन दिवसको अवसरमा वृक्षरोपण गरेको छ । मकवानपुरगढी-५ मा रहेको बुङदल सामुदायिक वन उपभोक्ता समूहको वनक्षेत्रमा वृक्षरोपण गरिएको हो ।

बेल, पारिजात, मेङगोस्टीक, रक्तचन्दन, तेजपत्ता, श्रीखण्ड र अमलालगायतका विरुवारोपण गरिएको समूहले जनाएको छ । डिभिजन वन कार्यालय, मकवानपुरका डिभिजनल वन अधिकृत राकेश प्रसाद चन्द्रवंशीको प्रमुख आतिथ्यता एवम् महासंघका अध्यक्ष साधुराम चौलागाईको अध्यक्षतामा कार्यक्रम भएको हो ।

कार्यक्रममा वन अधिकृत चन्द्रवंशीले वृक्षरोपणले नाङ्गा डाँडालाई हरियो बनाउन महत्वपूर्ण भूमिका रहने बताएका छन् ।

वनजंगल घट्नाले वन्यजन्तुले खेती उत्पादन खाने गर्ने गरेको छ । वन्यजन्तु रोक्न वन क्षेत्रमा फलफूलका विरुवा रोप्नुपर्ने बताए । उनले मकवानपुरगढीमा करिब पाँच सय फलफूलका विरुवा पठाइएको बताए ।

खाद्यान्न जोगाउन गाह्रो छ, तपाईहरुले गरेको नगदेवाली बेसार खेतीलाई थप विस्तार गर्न आग्रह गर्दै तीन तहको सरकारसँग सहकार्य गरी कार्यालयले काम गरि रहेको उनले बताए ।

कार्यक्रममा मकवानपुर गढी-५ का वडाअध्यक्ष दीपेश दाहाल, सामुदायिक वन उपभोक्ता महासंघ, केन्द्रीय सदस्य रामहरि चौलागाई, सामुदायिक वन उपभोक्ता महासंघ, बागमती प्रदेश कोषाध्यक्ष नानीमाया रुम्बा, सदस्य जीतबहादुर घलान, सब डिभिजन वन कार्यालय, मकवानपुरगढीका प्रमुख विशाल लामा, फरेष्टर देवेन्द्र सञ्जेल, स्थानीय महासंघ, हेटौंडाका अध्यक्ष शम्भुप्रसाद न्यौपाने, स्थानीय महासंघ, मकवानपुरगढीका अध्यक्ष बलराम अधिकारी, सचिव दुर्गा घोरसाईनी, बुङदल सामुदायिक वनका अध्यक्ष भीमबहादुर अधिकारी, नमुना सामुदायिक वनका अध्यक्ष खडानन्द न्यौपाने, सामुदायिक वनका पदाधिकारी, उपभोक्ता, सञ्चारकर्मीलगायतको सहभागिता थियो ।

**ई-रिक्साको पुरानो सामान बिक्रीसम्बन्धी जरुरी सूचना**

ई-रिक्सा (मयुरी) को पुराना पार्टपूर्जाहरु टायर, डिक्स, मोटर, चार्जरलगायत विभिन्न सामानहरु बिक्रीमा रहेकोले खरिद गर्न इच्छुकहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

७०% बैंकिङ सुविधा

सम्पर्क:
भेष खड्गी
९८५५०६८८७३, ९८४५४५७५०७

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

**ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?**

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरु:

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**

हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)
सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

साझाकुरा

## हाम्रो कुरा

# सांसद सिंहको तलब सहयोग

हेटौंडा उपमहानगरको मेयरमा पराजित भएपछि प्रतिनिधिसभा सदस्यमा उमेदवारी दिँदै गर्दा दीपकबहादुर सिंहले सांसद भएपछि आफूले पाउने सेवा सुबिधाको रकम जनताकै लागि खर्चने बाचा गरेका थिए । शाहीकालमा जिल्ला विकास समिति मकवानपुरको सभापति मनोनित भएर करिव १० महिना काम गर्दा सिंहले जनताकै पक्षमा काम गरेका थिए । सबैजनासँग सौहार्द सम्बन्ध कायम गर्नसक्ने नेताका रुपमा पहिचान बनाउन खोज्दैछन् नेता सिंह । मकवानपुर क्षेत्र नम्बर-१ का सांसद तथा प्रतिनिधिसभा पूर्वाधार विकास समिति सभापति सिंहले हेटौंडा सामुदायिक आँखा अस्पताललाई १० लाख रुपैयाँ सहयोग गरेका छन् । सामुदायिक आँखा अस्पतालले पत्रकार सम्मेलन गरी सांसद सिंहको चेक हस्तान्तरण गर्ने योजना बनाएको थियो । तर, कार्यक्रममा पत्रकार भन्दा बढी राप्रपाका कार्यकर्ता सहभागी बनेका थिए । पत्रकारहरुले कार्यक्रमस्थलमा बस्ने कुर्सीसम्म पनि फेला पार्न नसकेको अवस्था थियो ।

सांसद सिंहले आफ्नो एक वर्षको तलबमा केही ब्यक्तिगत रकम थप गरी हेटौंडामा रहेको सामुदायिक आँखा अस्पताललाई मंगलबार आयोजित एक कार्यक्रममा हस्तान्तरण गरेका हुन् । निर्वाचनको समयमा आफू निर्वाचित भए सरकार प्राप्त गर्ने सेवासुविधा समुदायको हितमा खर्च गर्ने घोषणा गरेअनुसार सिंहले एक वर्षको तलब बापत ६ लाख १२ हजार र त्यसमा ३ लाख ८७ हजार थप गरी ९ लाख ९९ हजार ९ सय ९९ रुपैयाँ आँखा अस्पताललाई हस्तान्तरण गरेका हुन् । पूर्वाधार विकास समिति सभापति सिंहले नेपालका चर्चित तथा सफल नेत्रविशेषज्ञ तथा तिलगंगा आँखा प्रतिष्ठान काठमाडौंका कार्यकारी निर्देशक डा. सन्दुक रुइतलाई हस्तान्तरण गर्दै जनतासँग गरेको बाचा पूरा गर्न पाँउदा निकै खुशी लागेको बताए । जनताले आफूलाई सम्मान दिएर निर्वाचित गराएको बताउँदै सिंहले आफू पनि जिल्लाको विकास र समृद्धिको लागि सधै लागिपर्ने बताए । उनले आगामी दिनहरुमा पनि आफूले प्रतिष्ठान र जनताको लागि सहयोग प्रदान गर्दै लैजाने उल्लेख गरे । उनले समाजमा अत्यन्तै विपन्न, सीमान्तकृत आदिवासी जनजाति, दलितको स्वास्थ्यउपचार गर्ने कार्यमा चिकित्सकहरुले मानवीयताको भावना राखेर छिटोछरितो उपचारसेवालाई प्रभावकारी बनाइदिन आग्रह गरे । यस्तै, प्रतिष्ठानका कार्यकारी निर्देशक डा.रुइतले देशको सातै प्रदेशका विपन्न, सीमान्तकृत समुदायका सर्वसाधारण नागरिकको आँखाको शल्यक्रिया र उपचार सेवाको लागि उज्यालोको नयाँ जीवन प्रदान गर्न यो रकमको सदुपयोग गर्ने बताए । हेटौंडा उपमहानगरपालिका-३, बसामाडीमा निर्माणाधीन आँखाको लेन्स उत्पादन गर्ने उद्योगको लागि पनि यो रकम प्रयोग हुनसक्ने बताइएको छ ।

हेटौंडा सामुदायिक आँखा अस्पतालमा अहिले दैनिक ३०० देखि ४०० बिरामी उपचार सेवाको लागि आउने गरेको जानकारी दिइएको छ । ती बिरामीको आँखापरीक्षण गरिएलगतै आँखामा मोतिविन्दुको रोग देखापरेका बिरामीलाई तत्कालै आँखाको अप्रेशन गरेर नयाँ जीवन दिने गरेको बताइएको छ । अब लेन्सको उत्पादनबाट सर्वसाधारण नागरिकलाई सुपथ मूल्यमा लेन्स प्रदान गर्न सकिने छ । बसामाडीमा तत्कालीन नबीन रिरोलिङ ईण्डस्ट्रीज रहेको जग्गामा डा. रुइतको ड्रिम प्रोजेक्ट सुरु हुँदैछ । कन्ट्याक्ट लेन्स उत्पादन गर्ने उद्योग स्थापना गर्ने क्रममा वातावरणीय प्रभाव मूल्याङ्कनको काम सकिएको र निकट भविश्यमा निर्माण कार्य सुरु हुने बताइएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ साउन २५ गते शुक्रबार ९ अगष्ट २०२४ । पञ्चमी, श्रावण शुक्लपक्ष । गुँलाथ्व ११४४ ने.सं. । सूर्योदय ५:३२, सूर्यास्त ६:४५ । नाग-पञ्चमी । विश्व आदिवासी दिवस । गुरिया पर्व (थारूहरूको) ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : सञ्चित धन खर्च हुनेछ | **तुला** | : सहमतिका कार्यहरु हुनेछन् |
| **वृष** | : आफन्तले कुरा काट्नेछन् | **वृश्चिक** | : नयाँ कार्य सम्पन्न हुनेछ |
| **मिथुन** | : आत्मविश्वास बढ्नेछ | **धनु** | : प्रतिभाका कार्यमा सफलता मिल्नेछ |
| **कर्कट** | : आफन्तको सहयोग मिल्नेछ | **मकर** | : सन्तानबाट सन्तोष मिल्नेछ |
| **सिंह** | : मान, प्रतिष्ठा बढ्नेछ | **कुम्भ** | : विवाद पर्न सक्नेछ |
| **कन्या** | : कार्यमा सफलता मिल्नेछ | **मीन** | : दाम्पत्य सुख मिल्नेछ |

# बँगलादेशको परिघटना अब नेपालमा !



✍डा. डि.बी. मोक्तान
समाजशास्त्र/ संस्थापक अध्यक्ष: राष्ट्रिय स्वतन्त्र नागरिक मञ्च

हेर्दाहेर्दै बंगलादेशको ताज सान्है नराम्रोसंग ढल्यो र प्रधानमन्त्री शेख हसिना वाजेद देशै छाडेर भाग्न पर्‍यो । भौगोलिक आकारमा नेपाल र बंगलादेश उस्तै र उत्रै देखिने भएपनि जनसंख्या भने नेपालको भन्दा झण्डै छ गुणा बढी छ अर्थात १८ करोड रहेको छ । दक्षिण एशियामा सबैभन्दा कान्छो राज्यको रुपमा स्थापित बंगलादेश गार्हस्थ उत्पादन र प्रतिव्यक्ति आमदानीको हिसाबले भारत भन्दा अग्रस्थानमा रहेको तथ्य उसको आर्थिक सूचकाङ्कले देखाउँछ । भारतवर्ष बृटिश साम्राज्यको अधिनमा रहुन्जेलसम्म बंगलादेशको जन्म भएकै थिएन । सन १९४७ मा बृटिश सरकार आफ्नै घरायसी द्धन्दको कारण स्वदेश फर्कन लाग्दा आफ्नो विशाल उपनिबेशलाई इण्डिया र पाकिस्तान गरी दुइटा राज्यमा विभाजन गरि दिएको थियो । त्यसबेला बंगलादेश पाकिस्तानमा पर्दथ्यो ।

भूगोलको हिसाबले बंगलादेश र पाकिस्तान धेरै टाढा टाढा रहेको र राज्य संचालनमा धेरै झन्झट व्येहोर्नु परेकोले बंगलादेशी जनताले पाकिस्तानबाट अलग हुने विचार गरे र शेख मुजिबुर रहमानको आवामी लिगको नेतृत्वमा १९७१ मा आन्दोलन छेडयो । यस कार्यमा भारतको ठुलो सहयोग प्राप्त भएकोले शेख मुजिबुर रहमानले सजिलै बंगलादेश राज्यको नामले भूमि प्राप्त गर्न सफल भयो । भूमि प्राप्त गर्ने काम शेख मुजिबुरले गरेको हुनाले उनलाई बंगलादेशको राष्ट्रपिताको नामले चिनिन्छ र सम्मान गरेको पाइन्छ । पाकिस्तानबाट बंगलादेश अलग गरेको पीडा पाकिस्तानले सहन सकेन । फलस्वरुप यहिबेलादेखि भारत र पाकिस्तान बीच दुश्मनीको विजारोपन भयो र अहिलेसम्म कायमै छ ।

शेख मुजिबुर रहमानले निरन्तर १९७५ सम्म प्रधानमन्त्रीको पदमा शासन चलायो तर अचानक सैनिक कू मा शेख मुजिबुर र हमानको सबै सन्तान र सहयोगी समेत १८ जनाको सामुहिक हत्या भएपछि बंगलादेशको र मजनीतिले अर्कै मोड लिनपुग्यो । त्यसबेला शेख मुजिबुर रहमानको छोरी शेख हसिना र बैनी युरोप भ्रमणमा गएकोले बाँच्न सफल भएको थियो । त्यसबेला उनीहरु बंगलादेशमा आउने वातावरण नभएकोले इन्दिरा गान्धीको संरक्षणमा लामो समयसम्म भारतमै रहन पर्‍यो ।

तथापि शेख हसिनाले पिताको राजनीतिलाई भित्रभित्रै निरन्तरता दिईरह्यो र १९८६ देखि १९९१ र २००९ देखि २०२४ गरी २१ बर्ष लामो कार्यकारी प्रधानमन्त्री भै बंगलादेशमा शासन गरिन जो संसारकै इतिहासमा सबैभन्दा लामो कार्यकाल मानिन्छ । उसलाई राष्ट्रपिताकी छोरी र उत्कृष्ठ महिला प्रधानमन्त्री भनेर अन्तर राष्ट्रिय सम्मान पनि प्राप्त थियो । तर शेख हसिनामा तानाशाही प्रवृतिको भूत सवार हुँदै गएको कुरा उसले पत्तै पाएन र आज यस्तो अकल्पनिय दशा भोग्नु पर्‍यो ।

सन १९७१ मा स्वतन्त्रताको लागि पाकिस्तानसंग लडाइं गर्ने योद्धाहरुको सन्तानको लागि भनेर ३०% सरकारी आरक्षण कोटा लगायत अन्य विभिन्न किसिमको नामगरी ५६% कोटा शेख हसिनाले छुटयाएको थियो । जुन कुरा त्याहाँका विधार्थी, बुद्धिजीवि वर्ग र जनतालाई पटक्कै मन परेको थिएन । किनकी देशमा महँगी, बेरोजगारी समस्या र भ्रष्टाचारीले उग्ररुप लिँदै गएको थियो । त्यसलाई करेक्शन गर्न पटक पटक सरकारलाई अनुरोध गरेको थियो तर हसिना सरकारले माग सम्बोधन गर्नुको सट्टा दवाउने काम गर्‍यो । अन्तत: यहि कारण शेख हसिनाको पतनको कारण बन्यो ।

झट्ट हेर्दा मात्र विधार्थी आन्दोलन जस्तो देखिएपनि आन्तरिक रुपमा बुद्धिजीवि, सर्वसाधारण जनता र सैनिक तथा पुलिस प्रशासनसमेत संलग्न रहेको थियो । भारतको सहयोगमा बंगलादेशी प्रधानमन्त्री शेख हसिना क्रुर तानाशाह बन्दै गएको थियो । आफ्नो विपक्षीहरुलाई भ्रष्टाचारको आरोपमा हत्या तथा जेल सजाय गर्ने, गराउने, देशको अर्थतन्त्र मुट्ठीभर धनाढ्यहरुको हातमा र निर्वाचन प्रणाली आफ्नो हातमा पारी शासन चलाउन खप्पिस थिए उनी । यहि षडयन्त्रको महलमा विराजमान शेख हसिनाको २१ वर्षे लामो विरासत एक महिनाको आन्दोलनले गर्लम्मै ढल्न पुग्यो र शेख हसिना देशै छाडेर भाग्न वाध्य भइन । यस्तै खालको घटनामा राजापाक्षेलाई जनताले श्रीलँकाबाट लेखेटेको थियो भने मोहम्मद कार्जाई पनि आफगानिस्तानबाट भाग्न परेको थियो । ५ मिनेट मात्र ढिला गरेको भए हसिनाको हत्या उसैको आवासमा हुने थियो । बडो भाग्यले बाँच्न सफल भएको थियो ।

सत्तामोहको अतृप्त कोपभाजनको जालमा परेपछि मानिस अन्धो बन्दछ भन्ने बलियो उदाहरण यस परिघटनाले दिन्छ । आफ्नो, आफन्त नातावाद र कृपावादको अहमता आगाडि जनताप्रतिको जिम्मेवारी र देशप्रतिको दायित्व गौण भैदिन्छ । मैले जे गरें वा गर्दैछु, सबै ठीक गर्दैछु भन्ने लाग्छ र निरन्तर त्यहि गलत प्रवृति पुनरावृत भैरहन्छ । फलस्वरुप दुर्घटना निम्तिन्छ । शेख हसिनासंग भएको हर्कत यहि हो । यो प्रवृति नेपालको नेताहरुमा पनि प्रशस्तै पाइन्छ ।

बंगलादेश नेपालको अत्यन्त मिलनसार छिमेकी मुलुक हो । नेपालबाट दक्षिणतर्फ करिव ४० किमीको दुरीमा रहेको यो मुलुकको दुर्घटनाले नेपालमा ठुलो तरङ्ग ल्याएको छ । शेख हसिनाको हविगत देखेर नेपाली भ्रष्ट शासकहरु सतर्क हुनुपर्ने हो तर सर्पले आधी जीउ निलीसक्दा पनि आफ्नो आगाडि झिँगा देख्यो भने भ्यागुताले झम्टिने कोशिस गर्दछ भने झैं राष्ट्रघाती दलालहरु शेख हसिना भागे झैं भाग्ने दिन आउदैछ तरपनि यो देशमा बाँकी रहेको कमिशनको श्रोतहरु हडपिन पाए हुन्थ्यो भन्दै भ्यागुता झैं तन्किदै गरेको पाइन्छ ।

भ्रष्टाचार निवारण तथा नियन्त्रण विधेयक पारित गर्ने नाउमा भ्रष्टचारीहरुलाई भ्रष्टाचार गरेको ५ वर्षपछि कानुनै नलाग्ने नियम पारित गर्न प्रधानमन्त्री ओलीले संसदमा विधेयक पेश गरेको देख्दा अझैपनि यि भ्रष्टहरुको मती सप्रेको देखिदैन । भ्रष्टाचार सम्बन्धी ५ वर्षे हदबन्दी म्याद पारित भएछ भने ५ वर्ष पुरानो भ्रष्टाचारको फाइलहरु सधैंको लागि बन्द हुनेछ र ओली लगायत सम्पूर्ण भ्रष्टाचारीहरुले सधैको उन्मुक्ति पाउने छन ।

एमसीसी पास गराउने, उधोगीहरुसंगको मिलिभगतमा विधुत प्राधिकरणको महशुल नतिर्ने र आपसमा बाँडेर खाने, खोलानाला बेच्ने, सरकारी जग्गाहरु हडपिने, उद्योग तथा कलकार खानाहरु कौडीको भाउमा बेच्ने, युवा बेरोजगार समस्या सामधानको नारा घन्काउने तर उधोग नखोल्ने, भएको उधोग तथा कलकारखाना बन्द गराई कृत्रिम बेरोजगार सृजना गरी युवाशक्तिको बेचविखन गर्ने, धर्म निरपेक्षताको नाउमा वैदिक सनातन हिन्दु, बौध, किराँत, बोन, प्रकृति पुजक, मुस्लिम, जैन, शिख जस्ता धार्मिक संस्कार र आस्थामाथि अतिक्रमण गरी धर्म परिवर्तन गराई मानसिक विचलन गराउने, भ्रष्टाचार, कमिशन, मानव तस्करी, ठगीधन्दा, कुशासन तथा बेथितीलाई चरम उत्कर्षमा पुर्‍याई राजनीतिक अस्थिरता ल्याउने, गणतन्त्रको नाउमा राजा फालेर आफै राजा बन्ने होडमा देशै बर्वाद पार्ने यि राष्ट्रघाती दलालहरुलाई शेख हसिनालाई जस्तै नलखेटी भाको छैन र त्यो दिन धेरै टाढा छैन ।

राजा महेन्द्रकै पालामा बनेको ५ दर्जन जति उद्योग तथा कल कारखानाहरु, भएभरको सबै हिमनदीहरु, सरकारी जग्गा जमिन तथा संघ संस्थानहरु, हवाइजहाजहरु सबै बेचेर खाईसके । त्यत्तिले पनि नपुगी आफ्नै दाजुभाइलाई नक्कली भुटानी शरणार्थी बनाई बेचबिखन गर्नसम्म पछि परेनन । अझ कोही भन्ने गर्छ म भएसम्म उथल पुथल भैरहन्छ, तिमीहरु कसैलाई सुखको सास फेर्न दिन्न । अझ धेरै निहुँ खोजे लात्तै लात्ताले हान्न पनि जानेको छु भन्दै घरकै नोकर लाई थर्काए झैं थर्काउंछ ।

प्रचण्ड जी, उथल पुथल तपाइले होइन ओली जीले गरिसक्यो । लात्तले हान्न पनि जानेको छु भन्नु हुन्थ्यो । ओली जीले नै तपाइलाई लात्तले हानेर पाखामा पुर्‍याई दियो । त्यहि भएर होला ओलीको बोली आजकल निकै कडा देखिइन्छ । कहिले न्युरोडमा बालेन साहसंग, कहिले प्राधिकरणमा कुलमान घिसिङसंग, कहिले संसदमै रवि लामिछानेसंग भिडी हाल्छन । पहिला पहिला भन्ने गरेको उखानहरु सुखी नेपाली समृद्ध नेपाल, घरघरमा ग्यासको पाइप, मेचीदेखि महाकालीसम्म रेल, हावाबाट विजुली झलल, कोशी र गण्डकीमा पानीजहाज सलल बेघरवारलाई घरवार, सुकुमबासीलाई सिंहदर वार भन्ने गजडी गफ अझ चर्को स्वरले भन्न थालेको पाइन्छ ।

नेपाल रेलवे कम्पनीद्धारा संचालित जयनगर-जनकपुर रेल मासिक करोडौंको घाटामा चल्दैछ । प्यासेन्जर नपाएर घाटामा गएको होइन । ओलीको दलालहरुलाई कमिशन र तलब भत्ता दिन नपुगेर घाटामा गएको हो । यता पानीजहाजको टिकट बुकिङ काउण्टर भनेर नारायणघाटमा उसको आसेपासे र दलालहरुलाई जागिर खुवाउन खोलेको कार्यालयमा करोडौंको बार्षिक बजेट खर्च भैराखेको छ । यो सबै थाहा हुँदाहुँदै पनि न त बुकिङ काउण्टर बन्द गराइन्छ न त रेलसेवा बन्द गराइन्छ । मेचीदेखि महाकाली रेलसेवा विस्तार गर्ने बहानामा गरिव जनताको हजारौं विघा जग्गा जमिनहरु बर्षौदेखि कव्जा गरेको छ तर मुअब्जा अहिलेसम्म दिएको छैन । जनताले या त जग्गा फिर्ता देउ या त जग्गाको मुआव्जा देउ भन्ने गरेका छन तर ओली सरकारलाई कुनै मतलब छैन ।

त्यसैगरी बर्षौंदेखिको ऊखु किसान र दुग्ध किसानको पैसा अहिलेसम्म दिन सकिरहेको छैन । तर उनीहरुलाई कुनै चिन्ता छैन । छ त केवल सत्तासमिकरणको । किनकी त्याहाँ भ्रष्टहरुलाई मन्त्री पदमा लैजाने बार्गेनिङ हुन्छ अनि लाखौंको चलखेल हुन्छ । त्यो कमिशन र भ्रष्टाचारलाई कसरी ढाकछोप गर्ने भन्नेबारे विधेयक पास गर्ने हुटहुटीले संसद तताउन थाल्छ । उनीहरुले जानेकै त्यत्तिमात्र रहेछ । यस्ता नालायक भ्रष्ट नेताहरुबाट देश र जनताको भलो कहिल्यै हुनेवाला छैन । त्यसैले अब यस्ता नालायक भ्रष्ट नेताहरुको सम्पति जफत गरी श्रमदण्डसहितको काराबासको सजाय भन्दा अरु विकल्प छैन । जय राष्ट्रवाद ।

मुटुमा ढ्याँग्रो बज्न सुरु गरेको छ ।

# जनविद्रोहले ढलेको वंशवाद

✍ श्रीप्रसाद देवकोटा/शिव बगाले

सन् १९४८ मा बेलायतबाट स्वाधीनता हासिल गर्दा श्रीलंका एशियाकै एक नमूना मुलुकको रूपमा गनिन्थ्यो । चिया, पर्यटन, रबर, नरिवल, मसला, रत्न उद्योग अर्थतन्त्रका बलियो आधार थिए । वैदेशिक रोजगारी र विप्रेषण विदेशी मुद्रा आर्जनको मुख्य स्रोत थियो । एसियाली विकसित मुलुकको अग्रस्थानमा श्रीलंकाको नाम आउँथ्यो ।

साक्षरता दर दक्षिणएशियाकै उच्च र विश्वकै उच्चमध्ये एक करिब ९३ प्रतिशत पुगेको थियो । प्रतिव्यक्ति आय करिब ४ हजार डलर पुगेको थियो, जुन दक्षिणी एशियाली देशमा माल्दिभ्सपछिको दोस्रो उच्च थियो । श्रीलंकन अर्थतन्त्रको बलियो आधारस्तम्भ पर्यटन उद्योग थियो । कुल गार्हस्थ्य उत्पादनको औसत १० प्रतिशत पर्यटनको योगदान हुन्थ्यो । कोभिड-१९ अघि सन् २०१९ मा यस्तो योगदान १२.५ प्रतिशतसम्म पुगेको थियो । तर, सन् २०२१ को अप्रिल पछाडि ठूलो आर्थिक संकट भोग्नु पर्‍यो । दैनिक उपभोग्य वस्तुको पसलमा लामा लाइन देखिन थाले, मूल्य आकाशियो । १२-१३ घण्टा लोडसेडिङ हुन थाल्यो । पेट्रोल र डिजलको लागि यस्तो लडाइँ हुन्छ कि पम्पहरूमा सेना नै तैनाथ गर्नुपर्‍यो । इन्धन अभावले यातायात प्रणाली अस्तव्यस्त बन्यो, विद्यालयहरू बन्द नै गर्नुपर्‍यो ।

तल्लो वर्गले एकछाक खाएरै भए पनि उपभोग्य वस्तु सञ्चित गर्ने थाले भने पैसावालाले अधिक सञ्चय गर्न थाले । यसले बजारमा खाद्यान्न, स्वास्थ्य सामग्री, औषधिमूलो र इन्धनको चर्को अभाव भयो । अन्तत: सरकार आर्थिक आपत्काल घोषणा गर्न बाध्य भयो । सुरक्षा फौजलाई बजार अनुगमन, नियन्त्रण र आपूर्तिको जिम्मा दिइयो । सम्पूर्ण बजार सेनाले नियन्त्रणमा लिई सरकारी मूल्यमा आफैं बेच्न थाल्यो । तीन महिनाभित्र (२०२१ को जून, अगष्ट र सेप्टेम्बर) दुई लाखले रोजगारी गुमाए, थप पाँच लाख मानिस गरिबीको रेखामुनि झरे । मुद्रास्फीति ११.१ प्रतिशत पुग्यो । दैनिक उपभोग्य वस्तु र सेवाको मूल्य आकाशियो । वैदेशिक मुद्राको सञ्चिति सर्वाधिक न्यून विन्दुमा झर्‍यो । वार्षिक औसत ७.५ बिलियन डलर हुने वैदेशिक मुद्राको सञ्चिति २.८ बिलियन डलरमा झर्‍यो । विभिन्न अध्ययन र लेखहरूले यसका पछाडि विभिन्न कारण रहेको व्याख्या गरेका छन् । कोभिड-१९ को संक्रमण, राजनीतिक महत्वकांक्षा र हचुवाको भरमा सुरुवात गरिएका योजना, विप्रेषण ह्रास, वैदेशिक ऋणको पासो र मुख्यगरी राजापाक्षे परिवारको 'वंश-राजनीति' ।

कोभिड-१९ को विश्वव्यापी संक्रमण, लकडाउन र हवाई उडान बन्द हुँदै जाँदा श्रीलंका जाने पर्यटकको संख्यामा ७१ प्रतिशतले कमी आयो । वैदेशिक मुद्राको सबैभन्दा ठूलो स्रोत स्वाट्टै सुक्यो । श्रीलंकाको मुख्य कृषि निर्यात चिया, रबर र मसलाजन्य उत्पादनमा पनि व्यापक कमी आयो । पर्यटनपछि श्रीलंकाको वैदेशिक मुद्राको दोस्रो महत्वपूर्ण स्रोत विप्रेषण थियो । सन् २०१९ मा दुई लाख श्रीलंकाली कामदार वैदेशिक रोजगारमा गएका थिए । कोरोना महाव्याधिको कारण ५७ प्रतिशत कामदार स्वदेश फर्किए । अर्थतन्त्रमा विप्रेषणको करिब १३ प्रतिशत योगदान हुने गरेको थियो । प्रति वर्ष करिब ७ बिलियन डलरको विप्रेषण श्रीलंकाले भित्र्याउँथ्यो । तर, सन् २०१९ यताका दुई वर्षमा प्रति वर्ष ९ प्रतिशतको ह्रास भयो । विदेशमा रहेका आधा दर्जन श्रीलंकाली दूतावास बन्द भए ।

अर्कोतर्फ राजापाक्षे परिवारको र ाजनीतिक महत्वकांक्षाका कारण मुलुकलाई तत्काल आवश्यक नरहेका सबै ठूला महत्वाकांक्षी परियोजनाहरू सुरु गरियो । जस्तै चीनको ऋणबाट बन्ने हम्बनटोटा बन्दरगाह परियोजना । आफ्नो क्षमता भन्दा बढी खर्च हुन थाल्यो । स्रोतहरू सीमित थिए तर खर्च र ऋण बढ्दै गयो । श्रीलंकाको तत्कालीन समयमा करिब ४० बिलियन डलरको वैदेशिक ऋण थियो । सन् २०१९ मा ऋणभार कुल गार्हस्थ्य उत्पादनको ६२ प्रतिशत दुई वर्षमा नै १०१ प्रतिशत पुग्यो ।

विभिन्न लेखहरूका अनुसार कुनै समयमा श्रीलंकाको कुल बजेटको २४ प्रतिशत राजापाक्षे परिवारकै नियन्त्रणमा थियोरु । ९ जना परिवारका सदस्यहरू मन्त्री थिए भने सरकारका मुख्य ३० वटा पदमध्ये ७ वटा पद पनि राजापाक्षे परिवारकै अधीनमा थियोरु । अझ राजापाक्षेले २०१९ मा चुनाव जितेर राष्ट्रपति भएसँगै त्यहाँको सत्ता पूर्ण रूपमा राजापाक्षे परिवारको हातमा मात्रै सीमित भयोरु । त्यतिबेला सरकारमा राजापाक्षे परिवारका पाँच सदस्य थिए । जसमा राष्ट्रपति गोटाबाया, प्रधानमन्त्री महिन्दा, अर्थमन्त्री बसिल, सिंचाइमन्त्री चमलर र खेलकुदमन्त्री नमल राजापाक्षे ।

मुलुक गम्भीर आर्थिक संकटमा फस्दै थियो तर पनि राजापाक्षे परिवारले निकै सुविधाजनक जीवन बिताइरहेका थिए । झन् झन् राजापाक्षे परिवारको दैनिकी आर्थिक रूपमा भड्किलो बन्दै थियो । राजापाक्षे परिवारमाथि अवैध रूपमा ५ अर्ब ३१ अर्ब डलर अर्थात् ४२ हजार करोड रुपैयाँ देश बाहिर लगेको आरोप थियो तर यसको स्वतन्त्र पुष्टि भएको थिएन । त्यसपश्चात् आम नागरिकमा राजापाक्षे परिवारको दैनिकी, परिवार बस्ने आलिसान घर, अत्याधुनिक गाडी र महँगो बिदा भ्रमणको बारेमा चर्को आलोचना हुन थाल्योरु ।

आर्थिक संकटले बहुसंख्यक समुदाय प्रभावित बन्यो । समर्थक भनिएका कार्यकर्ता र आम नागरिक नै विरोधी बन्न थाले । मत दिनेहरूको मन परिवर्तन हुन थाल्यो । देशको आर्थिक संकटको कारण राजापाक्षे परिवारलाई मानियो । राजापाक्षे परिवार आन्दोलनकारीको आक्रोशको निशाना बन्यो । फलस्वरूप जनप्रदर्शन उनीहरूकै परिवारमाथि केन्द्रित हुनपुग्यो । अन्तत: जनताको विद्रोहको ज्वारभाटाले वंशवाद घुँडा टेक्न बाध्य भयो । मुलुकको अर्थतन्त्रमा राजापाक्षे परिवारको मस्ती, मनपरीतन्त्रबाट प्रश्रय पाएको भ्रष्टाचार, आर्थिक अनुशासनहीनता र अराजक्ताको पराकाष्ठाबाट दिक्दारको परिणाम स्वरूप जनविद्रोह भएको हो । राजापाक्षे परिवारको राजनीतिक महत्वकांक्षा र स्वार्थले देश टाट पल्टिएको हो । पारिवारिक लाभबाट प्रेरित राजनीतिक निर्णयले मुलुकमा कसरी आर्थिक र मानवीय संकट निम्त्याउँछ, त्यो श्रीलंकाको संकट र जनविद्रोहले पुष्टि गर्दछ । नेतृत्वमा रहेको व्यक्तिले पारिवारिक स्वार्थलाई राष्ट्रभन्दा माथि राख्दा देश कस्तो हुन्छ भन्ने पाठ पनि हो यो ।

**बंगलादेशी विद्रोह**

एसियाको कान्छो राष्ट्र, बंगलादेश शेख मुजिबर रहमानको नेतृत्वमा १९७१ मा स्वतन्त्र भएको थियो । उनै रहमान बंगलादेशको पहिलो राष्ट्रपति बने । रहमानको सन् १९७५ मा सैनिक 'कु' मा हत्या गरियो । सैनिक 'कु' मा रहमानका दुई छोरी बाहेक अरू सदस्यहरू मारिएका थिए । हसिना र उनकी बहिनी मात्र युरोप भ्रमणमा रहेका कारण बचेका थिए । भारतमा ६ वर्ष निर्वासन पश्चात् स्वदेश फर्किएर पिताको विरासतमा टेकेर हसिना राजनीतिमा सक्रिय भइन् ।

त्यसपश्चात् बेगम खालिदा जियासँग मिलेर सैनिक शासन विस्थापन गर्ने राजनैतिक आन्दोलनमा लागिन्, फलस्वरूप १९९० मा सैनिक शासन विस्थापित भयो । सन् १९९६ मा उनी निर्वाचित भएर पहिलो पटक सत्तामा पुगिन् । तर भारतसँग जलसन्धि गर्ने क्रममा आलोचित र विवादित पनि बनिन् । जसको कारण सन् २००१ मा भएको निर्वाचनमा चुनाव हारिन् । विशेषगरी बंगलादेशको पूर्व क्षेत्रमा क्रियाशील विद्रोही समूहसँगको सम्झौता, भारतसँग पानी बाँडफाँड गर्ने सम्झौता र अर्थतन्त्र उकास्न गरेका केही प्रयत्नले उनको राजनैतिक जीवनलाई तल झर्न दिएन । फेरि २००९ मा चुनावबाट हसिना सत्तामा फर्किइन् । तत्पश्चात् उनी र उनले नेतृत्व गरेको दल, अवामी लिग कहिल्यै संसद्रुको प्रतिपक्षी आसनमा बस्नुपरेको थिएन ।

सन् २००९ पछि उनै शेख हसिनाको शासनकालमा बंगलादेशले आर्थिक प्रगति गरेको पाइन्छ । विश्वकै गरिब देशबाट हाल दक्षिण एसियाली क्षेत्रमा तीव्र रूपमा अर्थतन्त्र बढ्ने देशको रूपमा बंगलादेशमा उनैको देन हो । पछिल्लो एक दशकमा बंगलादेशको प्रतिव्यक्ति आम्दानी तीन गुणा वृद्धि भएको छ । विश्व बैंकको प्रतिवेदन अनुसार पछिल्लो दुई दशकमा बंगलादेशमा साढे २ करोड मानिस गरिबीबाट उकासिने अवस्थामा छन् । विश्वव्यापी रूपमा बंगलादेशमा उत्पादित कपडाको ठूलो माग र बिक्री थियो । देशको अर्थतन्त्रमा यहाँको कपडा उद्योगको ठूलो योगदान थियो ।

सन् २०१८ मा एघारौं राष्ट्रिय चुनाव भयो र हसिना पुन: प्रधानमन्त्री बनिन् । त्यसपश्चात् हसिनाको बारेमा नकारात्मक प्रतिक्रिया आए । विपक्षी दलहरुले उनीमाथि चुनावको अघिल्लो रातमा नै मतपत्र र बाकस कब्जा गरेको व्यापक आरोप लगाए । उक्त चुनाव 'नाइट इलेक्शन' भनेर चर्चित भयो । गत जनवरीमा भएको बाह्रौं राष्ट्रिय निर्वाचनबाट उनी पुन: प्रधानमन्त्री बनिन् । तर, यो निर्वाचन पनि विवादित बन्न पुग्यो । विपक्षी दलहरूले हसिना नेतृत्वको सरकारले चुनावअघि नै आफ्ना हजारौं कार्यकर्ता तथा आफ्ना विरोधी र आलोचकलाई पक्राउ गरेको बताएका थिएरु । प्रमुख विपक्षी दलले चुनाव बहिष्कार गरेको थियो ।

३०० सिटका लागि भएको निर्वाचनमा २२४ स्थान उनको दल अवामी लिगले जितेको थियो । आफ्नै दलका नेताहरूलाई स्वतन्त्र उम्मेदवार 'प्रोक्सी' बनाएर 'डमी' प्रतिस्पर्धाको व्यवस्था गरि एको थियो । यसै कारण विपक्षीले यो निर्वाचनलाई 'डमी चुनाव' भनेका थिए । पछिल्लो कार्यकाल हसिनाको निकै विवादित बन्दै आयो । उनीमाथि आलोचक, पत्रकार र नागरिक समाजका अगुवामाथि प्रतिशोधपूर्ण कारबाही गरेको आरोप थियो । *(साभार: अनलाइनखबर)*

### काभा वुमन्स नेसन्स लिग:

# उपाधिमा फेरि भारत नै बाधक

काठमाडौं/नेपाल काभा वुमन्स नेसन्स लिग २०२४ को फाइनलमा भारतसँग ३-२ को सेटमा पराजित हुन पुग्यो । योसँगै घरेलु मैदानमा भारतलाई स्तब्ध पार्दै उपाधि जित्ने सपनामा अधुरै बन्न पुग्यो । बुधबार भएको फाइनलमा नेपाल भारतसँग २५-२३, १४-२५, २५-२२, २१-२५ र ५-१५ ले पराजित हुन पुग्यो । चौथो सेटमा जित निकाल्न नसक्नु नै नेपालको हारको मुख्य कारण बन्यो ।



यसअघि सन् २०१९ मा नेपालमा नै भएको १३ औं दक्षिण एसियाली खेलकुद प्रतियोगिताको फाइनलमा नेपाल भारतसँग फाइनलमा ३-२ ले पराजित भएको थियो । त्यतिबेला पनि निर्णायक पाचौं सेटमा ६-१५ ले गुमाउँदै नेपाल स्वर्ण जित्नबाट चुकेको थियो ।

प्रतियोगितामा सहभागी भारत, इरान, श्रीलंका, माल्दिभ्स गरी सबै टिमलाई पराजित गरेको नेपालले उपाधि भने जित्न सकेन । नेपालले गत शनिबार मात्रै प्रतियोगिताको लिग चरणमा भारतलाई इतिहासमै पहिलो पटक ३-२ को सेटमा हराएको थियो । त्यही सोचका साथ खेल सुरु हुनुभन्दा ४१ मिनेट अघि नेपाल कोर्ट प्रवेश गरेको थियो ।

एक हजार मात्रै सिट क्षमता भएको दशरथ रंगशाला भलिबल कभर्डहलमा नेपालको खेल सुरु हुनु भन्दा एक घण्टा अघि नै खचाखच भरिएको थियो । देशभर बाटै निकै महत्वका साथ यो खेल हेरिएको थियो । यस प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गरेकी ओपन स्पाइकर निरुता ठगुन्नाले पहिलो सेटमा तीन अंक लिँदै नेपालका लागि राम्रो सुरुवात दिलाएकी थिइन् । नेपालले लिग चरण र सेमिफाइनलमा इरानविरुद्ध गरेको प्रदर्शनलाई निरन्तरता दिने संकेत दिएको थियो ।

त्यसपछि निरुताको प्रदर्शन राम्रो रहेन । इरानविरुद्ध सेमिफाइनल खेलेको २४ घण्टामै नेपाल पुन फाइनल खेल्न कोर्टमा फर्किएको थियो । कप्तान अरुणा शाहीको गल्तीमा अंक पाएको भारतले त्यसपछि लगातार चार अंक जोडेपछि नेपालले पहिलो टाइम आउट लिएको थियो ।

त्यसपछि खेलमा निरन्तर प्रतिस्पर्धा भयो । दुबै टिम अंकमा अघि र पछि भइरहे । १०-१० को स्थितिबाट भारतले दुई अंकको अग्रता लियो । निरुताको स्पाइक सूर्याले ब्लक गरेपछि भारत अघि थियो । सूर्या र अनुश्रीको प्रदर्शनमा भारतले एक समय चार अंकको अग्रता लिदा १८-१४ को अवस्थामा थियो ।

लामो समयसम्म चलेको र्‍यालीमा उषाले नेपाललाई १५ औं अंक दिलाएकी थिइन् । भारतीय सेटको गल्ती र उषाको शक्तिशाली स्पाइकमा नेपाल १७-१८ को अवस्थामा पुगेको थियो । त्यसपछि भारतले अंक जोड्दै भारत २१-१७ को मजबुत अवस्था बनायो । उषा, पुनम चन्द, निरुता र सरस्वती चौधरीले नेपाललाई २३-२३ को बराबरी गरेका थिए ।

सरस्वतीको स्पाइकमा २४ औं र भारतीय खेलाडीको गल्तीमा २५ औं विजयी अंक बटुलेपछि नेपालले पहिलो सेट जित्यो ।

तर दोस्रो सेटमा भारतले खेलमा उत्कृष्ट पुनरागमन गर्‍यो । ४-५ को अवस्थाबाट अघि बढेको भारत अनुश्री र सूर्याको ब्लक तथा सलिनीको शानदार स्पाइकमा २५-१४ ले जितेको थियो । नेपालले अपेक्षा गरे भन्दा निकै खराब प्रदर्शन थियो । उषा र निरुताको स्पाइकलाई भारतीय ब्लकरले निरन्तर असफल पारे ।

तेस्रो सेटमा पुन नेपालले ४-१ को राम्रो सुरुवात गर्‍यो । तर भारतले त्यसपछि लगातार तीन अंक जोड्दै बराबरी गरेको थियो । भारतीय खेलाडीले सर्भिस, स्पाइक र ब्लकमा कमजोर प्रदर्शन गरेपछि नेपालले १३-८ को मजबुत सुरुवात गरेको थियो ।

नेपाली खेलाडीको राम्रो प्रदर्शन भन्दा भारतीयको गल्तीमा निरन्तर अंक पाएको थियो । नेपाल १९-१४ को अवस्थामा पुगेपछि सहज जित देखिएको थियो । नेपालले तेस्रो सेट २५-२२ ले जितेको थियो । तेस्रो सेट जितेसँगै नेपालले खेल २-१ को अग्रता लिएको थियो ।

नेपाललाई उपाधि जित्न बाँकी दुईमध्ये एक सेट जिते हुन्थ्यो । तर नेपालले दुबै सेटमा हार्न पुग्यो । चौथो सेटमा सरस्वतीको स्पाइक सूर्याले ब्लक गर्दै अघि बढेकी थिइन् । अनुश्रीले सर्भिस कटाउन नसक्दा २-२ को बराबरी भयो । तर अनुश्री र सूर्याको ब्लक सामु नेपालका स्पाइकर चल्न सकेनन् । उषा र कविता भट्टको स्पाइक लगातार ब्लक गरेपछि भारत ९-५ ले अघि बढ्यो ।

सूर्या र अनुश्रीको उत्कृष्ट प्रदर्शनमा भारत १३-८ को मजबुत अवस्थामा हुँदै खेल पाँचौं सेटमा लम्ब्याउने संकेत दिएको थियो । नेपाललाई निर्णायक जस्तै मानिएको चौथो सेट १६-१८ को अवस्थामा उषाको स्पाइक चेक आउट गएपछि नेपालले दुई अंक लगातार गुमाउँदा २०-१६ को अवस्थामा भारत अगाडि रह्यो ।

सफिया पुनले भारतको अंकमा ब्रेक लगाएपनि नेपालले ओभर ल्यापको कारण पुन अंक दियो । सरस्वतीको चलाखीपूर्ण खेलले खेलको अन्त्य तिर २०-२३ को अवस्था बनेको थियो । तर भारतीय खेलाडीले सलिनाले सेटरलाई दिएको बललाई सिधैं ब्लक गरेपछि जितको आशा लगभग सकिएको थियो ।

भारतले चौथो सेट २५-२१ ले मात्रै जितेन उपाधि जित्ने आशा पनि कायम राख्यो । निर्णायक पाँचौं सेटमा सूर्याले सलिना श्रेष्ठलाई सानदार स्पाइक हान्दै अंक जोडेकी थिइन् । भारतले सरस्वतीको दुई स्पाइक रोकेपछि नेपाल दबाब सम्हाल्न सकेन । नेपाली खेलाडी माथि हाबी बनेका भारतीय ब्लकर र स्पाइकरले पाँचौं सेटमा एकछत्र प्रदर्शन गरे ।

निरुताले आउट गएको बल लिन खोज्दा असफल भएपछि भारतले ८-३ मा कोर्ट परिवर्तन गरेको थियो । पाँचौं सेट १५ प्वाइन्टको मात्रै हुने हुँदा धेरै समय हुँदैन । त्यो अवस्थाबाट जित हात पार्न असाधारण प्रदर्शन गर्नुपर्छ । तर भारतले पाँचौं सेट १५-५ को सोचे भन्दा निकै सहज जित हात पार्‍यो । नेपालका दुई स्पाइकर निरुता र उषाको प्रदर्शन फाइनलमा सम्झन लायक रहेन । सरस्वती चौधरीले केही आशा देखाएकी थिइन् ।

'हामी जुन मनोबल र सोचका साथ आएका थियौं । त्यसमा रिसिभ र सर्भिस राम्रो नहुँदा हार्न पुग्यौं । हामीले चौथो सेटमा जित्नुपर्ने थियो । टोलीको मुख्य खेलाडी आज चल्न सकेनन्', प्रशिक्षक जगदिश भट्टले भने ।

बुधबारको खेलमा सरस्वतीले २६, उषाले १५, निरुताले ११, सफिया पुनले ३, सुमित्रा रेग्मी, कविता भट्ट र अरुणा शाहीले २/२ अंक जोडे । नेपालले चौथो सेट जित्न नसक्नु नै हारको कारण बनेको उनले बताए ।

प्रशिक्षक भट्टका अनुसार नेपाल ३-० को सोझो सेटमा खेल जित्ने आशाले कोर्टमा प्रवेश गरेको थियो । खेल जित्न नसकेकामा उनले समर्थकसँग माफी मागे । फाइनल खेल हेर्न युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरी, काठमाडौं महानगरपालिकाका मेयर बालेन शाह, उपमेयर सुनिता डंगोल, राष्ट्रिय खेलकुद परिषदका सदस्य सचिव टंकलाल घिसिङ पनि पुगेका थिए ।

नेपालले चौथो सेटमा गरेको सामान्य कमजोरीले खेल गुमाउन पुगेको थियो । चौथो सेट हारेपछि खेलाडीहरु पनि हतोत्साहित भएको प्रशिक्षक भट्टले बताए । 'अब हाम्रो पक्षमा आउँछ जस्तो लागेको थिएन । किनभने हाम्रा खेलाडी हतोत्साहित भएका थिए, चौथो सेट हारेपछि अब कमब्याक गर्न सक्दैनौं जस्तो लागेको थियो', उनले भने ।

पाचौं सेटमा खेलाडीहरु हारेको मानसिकतामा देखिएका प्रशिक्षक भट्टले बताए । 'हाम्रा खेलाडी धेरै थाकेको जस्तो, हतोत्साहित भएको जस्तो, कसरी खेल्ने र ट्रफीको दबाब जस्तो मनस्थिति भयो, दबाब धेरै भयो', उनले भने । कप्तान अरुणा शाहीले अन्तिम सेटमा राम्रो प्रदर्शन गर्न नसकेको बताइन् । 'सुरुवाती चार सेटमा टफ खेल खेलियो । तर अन्तिम सेटमा पूरै टिम नै डाउन हुँदा र आक्रमण पनि कमजोर हुँदा हार्न पुग्यौं', उनले भनिन् ।

*(स्रोत: अनलाइनखबर)*

# 'के घर के डेरा २'मा भित्रिए केकी र उपासना

काठमाडौं/दीपेन्द्र के. खनालको निर्देशनमा बन्न लागेको फिल्म 'के घर के डेरा: घर नम्बर २'मा कलाकारको 'लाइनअप' रोचक बनिरहेको छ । तीन अभिनेताहरु खगेन्द्र लामिछाने, आर्यन सिग्देल र निश्चल बस्नेत मुख्य भूमिकामा अनुबन्धित भइसकेको फिल्ममा अब दुईजना अभिनेत्रीको प्रवेश भएको छ । केकी अधिकारी र उपासना सिंह ठकुरीलाई निर्माण टिमले मुख्य भूमिकामा अनुबन्धित गरेको हो ।



गत बैशाखमा आएको आफ्नो होम प्रोडक्सनको फिल्म 'बोक्सीको घर' बक्स अफिसमा 'ब्लकबस्टर' भएपछि केकी 'के घर के डेरा २'बाट अभिनयमा फर्किन लागेकी हुन् । उपासनाले भने गत जेठमा 'खुस्मा'को छायांकन सकाएकी थिइन् । केकी र उपासनाबीच यो पहिलो पटक सहकार्य हो । फिल्ममा उनीहरुको जोडी तीन अभिनेतामध्ये कोसँग बाँधिनेछ भन्नेबारे जानकारी गराइएको छैन ।

यही साउन २५ गतेदेखि छायांकन सुरु हुन लागेको फिल्ममा उपन्यासकार बुद्धिसागरको लेखन छ । पहिलोपटक उनको लेखनमा फिल्म बन्न लागेको हो । फिल्ममा शरद श्रेष्ठ, किरण महर्जन र राजिव श्रेष्ठ निर्माता तथा युवराज कार्की कार्यकारी निर्मातामा छन् । फिल्मलाई सामाजिक कथावस्तुमा निर्माण गरिने जनाइएको छ । यो फिल्म २०७९ सालमा आएको 'के घर के डेरा'को सिक्वेल हो ।

# प्रियंकालाई छायांकनको धपेडी

काठमाडौं/विवाह गरेपछि अभिनेत्रीको करिअर सुस्ताउँछ भन्ने परम्परागत भाष्य छ । केहीको हकमा यो देखिन्छ पनि । तर, वर्तमान पुस्ताका अभिनेत्रीहरुले यो भाष्यलाई गलत सावित गरेका छन् । यतिबेला नेपाली फिल्ममा 'डिमान्डेड' नै प्राय: विवाहित अभिनेत्रीहरु छन् । यसमा प्रियंका कार्की पनि पर्छिन् । विवाहपछि भलै उनले कम फिल्म गरिरहेकी छन् तर व्यस्ततामा कुनै पनि कमी आएको छैन ।



यो वर्ष अझ प्रियंकाको व्यस्तता चर्किएको देखिन्छ । केही समयअघि उनले फिल्म 'रावायण'को छायांकन पूरा गरिन् । अब यसको प्रचारलाई समय दिनुपर्नेछ । यतिबेला 'रोडिज'को छायांकन पनि चलिरहेको छ, जसमा उनी निर्णायक (जज)को भूमिकामा छिन् । साउन महिना सुरु भएदेखि तीज गीत पनि उनले भ्याइरहेकी छन् । १५/२० दिनमा उनले आधा दर्जन तीज गीत गरिसकेकी छन् ।

मंगलबारदेखि प्रियंका नयाँ फिल्म 'माइली'को छायांकनमा जोडिएकी छन् । यसको छायांकन भइरहँदा उनी केही म्यूजिक भिडियो र 'रोडिज'को पनि छायांकन भ्याउने तयारीमा छिन् । यसपालि साउन महिनामा उनी हरेक सोमबार व्रत बसिरहेकी छन् । व्रतको दिनमा समेत उनले छायांकन छाडेकी छैनन् । छायांकन मात्र होइन, फिल्म तथा गीतको कार्यक्रममा पनि प्रियंका पुगेकै हुन्छिन् ।

कुनै बेला उनको फिल्ममा बढी व्यस्तता हुन्थ्यो । तर, संख्यात्मक अभिनयमा जोड दिंदा आफ्नो साख जोगाउन सकिनन् । यतिबेला फिल्ममा उनको माग राम्रै देखिए पनि भूमिका बदलिन थालेको छ ।

यसअघि 'फूलबारी'मा बुहारीको भूमिका निभाएकी उनी अब 'माइली'मा आमाको भूमिकामा देखिँदैछिन् । तर, फिल्ममा आफ्नो बदलिँदो भूमिकालाई उनले स्वीकार गरेर अगाडि बढेकी छन् ।

# टीआरसी विधेयक २९ साउनमा पास गर्ने तयारी

काठमाडौं/तीनदलीय कार्यदलले संक्रमणकालीन न्यायसम्बन्धी विधेयकमा जुटाएको सहमति शीर्ष नेताहरुलाई बुझाएको छ । लगत्तै कानुन, न्याय तथा मानव अधिकार समितिको बैठक भोलि बिहीबार बोलाइएको छ । नेताहरुका अनुसार २९ साउनको प्रतिनिधिसभा बैठकबाट विधेयक पास गर्ने तयारी छ ।



२५ फागुन २०७९ संसदमा दर्ता भएको बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप ऐनलाई संशोधन गर्न बनेको विधेयक कानुन न्याय तथा मानवअधिकार समितिमा विचाराधीन छ । समितिले बनाएको उपसमितिले विधेयकका धेरै विषय टुंगयायो, तर चार विषयमा शीर्ष नेताहरुको सहमति खोज्यो ।

शीर्ष नेताहरुले भने १३ असारमा तीन दलका एकएक नेता रहेको कार्यदल बनाए । कार्यदलले चारवटै विवादित विषयमा सहमति जुटाएर बुधबार प्रतिवेदन बुझाएको छ । कार्यदलले मानवअधिकारको गम्भीर उल्लंघनमा नियतपूर्वक वा स्वेच्छचारीपूर्वक गरिएको हत्या (आर्बिटरी किलिङ) लाई राख्ने सहमति जुटाएको छ ।

मानवअधिकारको गम्भीर उल्लंघनका घटनामा घटी सजाय गर्ने सहमति भएपनि आधा र कारण खुलाएर सजाय कम गर्न सकिने व्यवस्था गर्ने कि प्रतिशत तोक्ने भन्ने विवाद थियो । कार्यदलले जबर्जस्ती करणी वा गम्भीर यौनजन्य हिंसाका घटना बाहेकमा २५ प्रतिशत सजायको माग दाबी गर्न सक्ने सहमति गरेको छ ।

प्रतिवेदन बुझ्दै शीर्ष नेताहरुले विधेयकलाई यही अधिवेशनबाट पास गर्ने बताएका छन् । प्रमुख प्रतिपक्षी माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले यो विधेयकलाई संसदको यही अधिवेशनमा पेश गरेर पास गर्नसमेत आग्रह गरे । उनले भने, 'यसलाई मैले नयाँ सरकार बनेपछि भएको एउटा राम्रो काम ठानेको छु ।'

प्रधानमन्त्री केपी शर्मा ओलीले संसदको यही अधिवेशनबाट विधेयक पास गर्ने प्रतिवद्धता जनाए । शान्ति प्रक्रियाको अन्तिम किस्ता बेपत्ताहरुको खोजबीन र सत्य निरुपणका लागि कानुनी दुविधा अन्त्य भएको भन्दै उनले भने, '(कार्यदलले) हामीहरुसँग पनि परामर्श गरेर सहमति गरेको हो । पूर्ण हाउसबाट पनि यसै अधिवेशनमा पास गर्छौं ।'

**समितिले बोलायो बैठक**

कार्यदलले प्रतिवेदन बुझाएलगत्तै कानुन, न्याय तथा मानव अधिकार समितिले बैठक बोलाएको छ । बिहीबार बिहान ११ बजे बस्ने बैठकमा 'बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन २०७१ लाई संशोधन गर्न बनेको विधेयक'माथि छलफल गर्ने कार्यसूची छ ।

स्रोतका अनुसार समितिमा कार्यदलले जुटाएको सहमति कानुन मन्त्रालयले पेश गर्नेछ । त्यसमाथि छलफल गरेर बिहीबार नै पास गर्ने तयारी सरकार र दलहरूको छ । समितिले नै बिहीबार नै विधेयकको प्रतिवेदन पास गरे साउन २९ गते बस्ने प्रतिनिधि सभाको बैठकमा पेश गरिने समिति सभापति बिमला सुवेदीले जानकारी दिइन् ।

प्रतिनिधिसभामा शीर्ष नेताहरुले बोल्नेछन् । त्यसपछि विधेयकलाई पास गर्ने दलहरुको तयारी छ । प्रतिनिधि सभाबाट पारित भएपछि विधेयक राष्ट्रिय सभामा जानेछ । राष्ट्रिय सभामा सैद्धान्तिक छलफल गर्ने, सांसदहरूका लागि संशोधनका लागि ७२ घण्टाको समय दिने, सांसदहरुको संशोधनउपर छलफल चलाउने र सम्बन्धित मन्त्रीले जवाफ दिएर पारित गर्नका लागि कम्तीमा एक साता लाग्छ । 'संसदको चालू अधिवेशनमै टीआर सी विधेयक पास गर्ने राजनीतिक सहमति छ । त्यसआधारमा संसदमा विधेयक अगाडि बढ्छ', कानुन समितिका सभापति सुवेदीले भनिन् ।

*(स्रोत: अनलाइनखबर)*

# हेलिकप्टरमै दुई पटक मृत्यु जितेका क्याप्टेन अरुण तेस्रो पटक हारे

काठमाडौं/त्यसै ले भनिन्छ- 'लेखेको पाइन्छ, देखेको पाइँदैन' । लेखान्तमा जे छ, त्यो भएरै छाड्छ । यो लेखान्त सायद क्याप्टेन अरुण मल्लकै लागि थियो । निजी हेलिकप्टर सेवा प्रदायक कम्पनी एयर डाइनेस्टी हेली सर्भिसेसका वरिष्ठ क्याप्टेन अरुणले बुधबार आफैंले उडाएको हेलिकप्टर दुर्घटनामा ज्यान गुमाए ।

लेखान्त के थियो भने, क्याप्टेन अरुणले यसअघि दुई पटक हेलिकप्टर उडानकै क्रममा मृत्युलाई जितेका थिए । यसअघि क्याप्टेन अरुणले उडाएको कर्णाली एयरको हेलिकप्टरमाथि जुम्ला-कालिकोट रेन्जमा पुगेपछि तत्कालीन माओवादी विद्रोहीले गोली प्रहार गरेका थिए ।

द्वन्द्वकालमा माओवादीले प्रहार गरेको गोलीले अरुणको हेलिकप्टर छेडेर वारपार भए पनि उनले सकुशल अवतरण गरेका थिए । त्यो घटनामा अरुणले पहिलो पटक मृत्युलाई जितेका थिए ।

त्यसपछि अरुणले २०७० असोज दोस्रो साता काठमाडौंबाट लुक्ला उडाएर लगेको एयर डाइनेस्टीकै हेलिकप्टर लुक्ला विमानस्थलको तारबारमा ठोक्किएर दुर्घटनामा परेको थियो । तीन यात्रु सवार उनको हेलिकप्टरमा त्यसबेला क्षति पुगे पनि सबै सकुशल थिए । त्यो दुर्घटनामा क्याप्टेन अरुणले दोस्रो पटक मृत्युलाई जितेका थिए ।

तर, बुधबारको लेखान्त उनका लागि अर्कै थियो । अरुणले तेस्रो पटक लेखान्त टार्न सकेनन्, सदाका लागि अस्ताए । हेलिकप्टर उडान सेवामा 'कुल क्याप्टेन' को छवि बनाएका अरुणले बुधबार काठमाडौंबाट रसुवा स्याफ्रुबेसी उडाएको हेलिकप्टर नुवाकोटको शिवपुरी गाउँपालिका-७ सूर्यचौरमा दुर्घटनामा पर्‍यो । उनीसँगै चार चिनियाँ यात्रुले पनि ज्यान गुमाए ।

'क्याप्टेन अरुण एकदमै कुल क्याप्टेन हुनुहुन्थ्यो, मैले उहाँलाई कहिल्यै पनि रिसाएको वा उग्र व्यवहार गरेको देखिनँ,' क्याप्टेन अरुणसँग साढे दुई दशक सँगत गरेका हेलिकप्टर सोसाइटी अफ नेपालका महासचिव योगराज कँडेलले संचारकर्मीसँग भने, 'आनन्दले काम गर्ने, लप्पनछप्पन नगर्ने, अनि एकदमै इमानदार र पाको पाइलट गुमाउनु पर्दा दु:खी छौं ।' ललितपुर पुल्चोकका स्थायीवासिन्दा ५८ वर्षीय क्याप्टेन अरुणले रुसबाट पाइलट तालिम कोर्स पूरा गरेका थिए । तालिम सकेर आएपछि उनले क्याप्टेन नारायणसिंह पुनले सञ्चालन गरेको कर्णाली एयरबाट हेलिकप्टर उडान करियर सुरु गरेका थिए ।


'यो करिब ३० वर्षअघिको कुरा हो । क्याप्टेन पुनको कमान्डमा काम गरेर पोख्त हुँदै गएका क्याप्टेन अरुण कर्णाली एयर बन्द भएपछि एयर डाइनेस्टीमा आबद्ध हुनुभएको थियो,' कँडेलले भने, 'त्यसपछि उहाँले निरन्तर हेलिकप्टर उडाइरहनुभएको थियो । मेरो अनुमानमा क्याप्टेन अरुणले १५ देखि १६ हजार घण्टा हेलिकप्टर उडाइसक्नुभएको थियो ।'

कँडेलका अनुसार क्याप्टेन अरुण उड्डयन नियम अक्षरश: पालना गर्थे । सहकर्मी पाइलट, कम्पनीका कर्मचारी, नियामक निकायका अधिकारीहरू सबैसँग सधैं अत्यन्त भद्र रूपमा प्रस्तुत हुने उनको बानीको सबैले प्रशंसा गर्थे ।

'पाइलट हुनु त अरुण जस्तो भनेर हामी साथीभाइबीच सधैं चर्चा हुने गर्थ्यो,' कँडेल सम्झिन्छन्, 'उड्डयन क्षेत्रले असाध्यै अनुभवी र परिपक्व पाइलट गुमाएको छ । यो अपूरणीय क्षति हो ।' क्याप्टेन अरुणसँग लामो समय काम गरेका एक क्याप्टेनले बुधबारको दुर्घटना कसरी भयो भन्ने अनुमान गरेका छन् ।

*(स्रोत: अनलाइनखबर)*

# 'नमेटिने घाउ' : रमितलाई फिल्मका कलाकारभन्दा नेतामा भरोसा



काठमाडौं/अभिनेता रमित ढुंगानाले आफ्नो डेब्यु निर्देशनमा देशका शीर्ष नेताहरुलाई अभिनय गराएर फिल्म 'नमेटिने घाउ' तयार पारेका छन् ।

आगामी भदौ ७ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको फिल्ममा प्रधानमन्त्री केपी शर्मा ओली, पूर्व प्रधानमन्त्री माधव नेपाल, पूर्व शिक्षा मन्त्री देवेन्द्र पौडेल र राप्रपाका सांसद ज्ञानेन्द्र शाहीले अभिनय गरेका छन् । तर, उनीहरुको फिल्ममा केमियो मात्र छ ।

प्रदर्शनका लागि अब १५ दिन मात्र बाँकी हुँदा रमितले एकपछि अर्को गर्दै पोस्टर सार्वजनिक गरिरहेका छन् । सोमबार प्रधानमन्त्री ओलीलाई राख्दै पहिलो पोस्टर सार्वजनिक गरियो । बुधबार दोस्रो चरणको पोस्टरमा पूर्व प्रधानमन्त्री नेपाल अटाएका छन् । र, दुवै पोस्टरमा फिल्मका मुख्य कलाकार भन्दा नेता बढी 'हाइलाइट' छन् । नेताहरुको तस्वीर फिल्मका कलाकारहरुको भन्दा ठूलो छ ।

'नमेटिने घाउ'मा कुनै नेता शीर्ष भूमिकामा छैनन् । न त कथा उनीहरुमा केन्द्रित छ । तर, रमितले फिल्म बेच्न मुख्य कलाकार भन्दा नेतालाई बढी भरोसा गरेको देखिन्छ ।

पोस्टरमा नेताहरुको ठूलो टाउको राख्दा उनीहरु सम्बद्ध पार्टीका कार्यकर्ताहरु फिल्मप्रति आकर्षित हुन्छन् भन्ने रणनीति उनको हुनसक्छ । तर, यसले फिल्ममा काम गरेका कलाकारहरुलाई भने ओझेलमा पारिरहेको छ ।

यसै साता फिल्मको ट्रेलर सार्वजनिक गर्ने तयारी गरिएको छ । पोस्टरबाटै प्रष्ट हुन्छ कि ट्रेलरमा पनि नेताहरु नै हावी हुनेछन् । अब नेताहरुको अनुहारले फिल्मको व्यापारमा पनि फाइदा पुग्यो भने त रमितको रणनीति सफल हुनेछ । तर, पछिल्लो समय राजनीति र राजनीतिज्ञप्रति आम मानिसमा वितृष्णा चुलिँदो छ । यो अवस्थामा नेतालाई मात्र काखी च्याप्नु घातक सावित नहोला भन्न सकिन्न ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# कक्षा १० र १२ मा बागमतीको परिणाम राम्रो

साझाकुरा संवाददाता

हेटौंडा, २३ साउन/गत शुक्रबार राष्ट्रिय परीक्षा बोर्डले सार्वजनिक गरेको कक्षा १२ को नतिजामा बागमती प्रदेशबाट ९९ हजार ८७२ जना परीक्षार्थीमध्ये ३३ हजार ८४३ जना अनुत्तीर्ण भए । समग्र सातै प्रदेशको तुलनामा बागमतीको परिणाम राम्रै देखिएको छ ।

सुदूरपश्चिम प्रदेश सबैभन्दा कमजोर देखिएको छ । परीक्षा दिएकामध्ये ६० प्रतिशत विद्यार्थीको नतिजा 'नन ग्रेडेड' (एनजी) आएको छ । सुदूरपश्चिम प्रदेशबाट ३५ हजार ६२८ जनाले १२ कक्षाको परीक्षा दिएकोमा १४ हजार ४६ जनामात्रै पास भएका छन् । २१ हजार ५८२ जना अर्थात् ६०.५७ प्रतिशत विद्यार्थीको नतिजा 'एनजी' आएको हो । बोर्डको तथ्यांक अनुसार सुदूरपश्चिमबाट ३.६ देखि ४.० जीपीए ल्याउने विद्यार्थी संख्या १२१ जनामात्रै छ । जबकि देशभरबाट ९ हजार ५९१ विद्यार्थीले ४.० जीपीए ल्याएका छन् ।

३.६१ देखि ४.० जीपीए सबैभन्दा कम कर्णाली देखिएको छ । कर्णालीबाट २४ जनाले मात्रै ३.६१ देखि ४.० जीपीए ल्याएका छन् । कर्णालीमा परीक्षा दिने विद्यार्थी नै कम भएकाले जीपीए कम देखिएको हो । त्यसपछि मधेस प्रदेशमा २५० जना, गण्डकी प्रदेशमा ५४४ जना, कोशी प्रदेशमा ८५६ जना, लुम्बिनी प्रदेशमा १०४४ जना र सबैभन्दा बढी बागमती प्रदेशबाट ६ हजार ७५२ जनाले ३.६१ देखि ४.० जीपीए ल्याएका छन् । यसअघि कक्षा १० को नतिजामा सुदूरपश्चिम सबैभन्दा कमजोर देखिएको थियो । परीक्षा दिएकामध्ये ३१ प्रतिशतले मात्रै ग्रेड



प्राप्त गरेका थिए ।

१२ कक्षाको नतिजामा ५२.९१ प्रतिशत विद्यार्थीमात्रै पास भएका छन् भने ४७.१ प्रतिशत विद्यार्थी फेल भएका छन् । कक्षा १२ मा तीन लाख ९० हजार ६ जनाले परीक्षा दिएकोमा दुई लाख तीन हजार ८४७ जना पास भएका छन् भने एक लाख ८७ हजार २१ जनाको नतिजा एनजी आएको छ । सुदूरपश्चिमपछि शिक्षण सिकाइमा कर्णाली कमजोर देखिएको छ । कर्णालीमा परीक्षा दिएकामध्ये ५९.२४ प्रतिशत विद्यार्थी फेल भएका छन् । कर्णालीमा २५ हजार ९२० जनाले परीक्षा दिएकोमा १५ हजार ३५७ जना फेल भएका हुन् ।

कोशीमा परीक्षा दिएकामध्ये ५५.६१ प्रतिशत फेल भएका छन् । त्यसपछि मधेशमा ५३.७४ प्रतिशत, लुम्बिनी प्रदेशमा ५२.२४ प्रतिशत, गण्डकीमा ४६.१९ र बागमतीमा ३२.८१ प्रतिशत फेल भएका छन् । बागमतीमा एक लाख १६ हजार २६२ विद्यार्थी परीक्षामा सहभागी भएकोमा ७८ हजार ११६ जना पास भएका छन् । कक्षा १२ मा तीन लाख ९० हजार ६ जनाले परीक्षा दिएकोमा दुई लाख तीन हजार ८४७ जना पास भएका छन् भने एक लाख ८७ हजार २१ जनाको नतिजा एनजी आएको छ ।

यसअघि गत असार १३ गते सार्वजनिक गरिएको माध्यमिक शिक्षा परीक्षाको नतिजामा पनि सुदूर पश्चिम प्रदेशको नतिजा निकै कमजोर देखिएको थियो । नतिजाअनुसार कोशी प्रदेशबाट सहभागी कुल ७५ हजार ९८८ परीक्षार्थीमध्ये ३९ हजार ८९५ जना परीक्षार्थी अनुत्तीर्ण भएका थिए । यसैगरी मधेश प्रदेशबाट कुल ७९ हजार ५९२ परीक्षार्थीमध्ये ४२ हजार २८६ जना अनुत्तीर्ण भएका थिए । गण्डकी प्रदेशबाट कुल ४० हजार ५२६ जना परीक्षार्थीमध्ये २० हजार २७५ जना, लुम्बिनीबाट ८० हजार ३२७ जना परीक्षार्थीमध्ये ४९ हजार २२४ जना फेल भएका थिए ।

कर्णालीबाट ३५ हजार ३४ जना परीक्षार्थीमध्ये २० हजार ३८० जना र सुदूरपश्चिमबाट ५३ हजार ४४६ जनामध्ये ३६ हजार ४१० जना अनुत्तीर्ण भएका थिए । एसईईको नतिजामा ३.६० देखि ४.० जीपीए ल्याउने विद्यार्थीमा प्रदेशगत रुपमा सुदूरपश्चिम र कर्णाली कमजोर देखिएका छन् । कर्णालीबाट ४४१ जनाले मात्रै ३.६० देखि ४.० जीपीए ल्याएका थिए । सुदूर पश्चिमबाट ७९०, लुम्बिनीबाट तीन हजार २९०, गण्डकीबाट दुई हजार ९६९, बागमतीबाट १५ हजार ७६६, मधेस प्रदेशबाट तीन हजार ९५७ र कोशी प्रदेशबाट तीन हजार ९९६ जनाले ३.६० देखि ४.० जीपीए ल्याएका थिए ।

शिक्षकले किन पढाउन सकेनन् ? शिक्षकलाई के चाहियो ? त्यो विषयमा ध्यान दिन नसकिएको बताउँदै त्यसका लागि सबै सरोकारवाला जिम्मेवार हुनुपर्ने बताइएको छ । २०७२ को आमबिनाशकारी भुकम्प पछिका दिनमा भवन बनाउने, भौतिक पूर्वाधार बनाउने काम भयो तर, शिक्षकलाई कक्षाकोठामा उर्जाशील भएर प्रवेश गर्ने वातावरण बन्न नसकेको सम्बद्ध स्रोतहरु बताउँछन् । जबसम्म शिक्षक र विद्यार्थीलाई जोड्न सक्दैनौं, तबसम्म केही हुँदैन, स्रोतले भन्यो ।

कक्षा १० र १२ को मात्र नभइ यसले उच्चशिक्षामा पनि कमजोर नतिजा देखाइरहेको छ । माध्यमिक शिक्षाको सम्पूर्ण अधिकार स्थानीय तहलाई छ । तर, सुक्ष्म तहको नीति निर्माण अधिकार स्थानीय तहलाई छैन । शिक्षक नियुक्त गर्ने, व्यवस्थापन गर्ने, पाठ्यक्रम तयार पार्नेजस्ता कार्य संघीय सरकारले नै गर्दै आएकाले यसको दायित्व संघीय सरकारकै हुनेछ । अर्को कुरा शिक्षकको मानसिकताका कारण समेत समस्या भइरहेको बताए ।

शिक्षक आफैंमा पनि हीनताबोध रहेकोले कक्षाकोठामा असर गरिरहेको बताइएको छ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका प्रवक्ता सहसचिव केशवप्रसाद दाहालले नतिजा कमजोर देखिएको क्षेत्रका लागि भनेर छुट्टै कार्यक्रम नभएको बताएका छन् । देशभर नै समग्र एउटै प्रकृतिको शिक्षण सिकाइ कार्यक्रम लागू हुने गरेको बताउँदै उनले लक्षित क्षेत्रका लागि छुट्टै कार्यक्रम भने नरहेको बताए । नतिजा सुधारका लागि के कसरी अगाडि बढ्न सकिन्छ भन्ने विषयमा छलफल भइरहेको उनको भनाइ छ ।

# करको दर पुनर्विचार गर्न उपमहानगरलाई सहकारी सञ्जालको अनुरोध

साझाकुरा संवाददाता



हेटौंडा, २३ साउन/ हेटौंडा उपमहानगरपालिकाले सहकारी संघसंस्थाको लागि गत नगर सभाबाट पारित सहकारी संघसंस्थाले तिर्ने ब्यवसाय करको दर अब्यवहारिक रुपमा बृद्धि गरेकोमा सोको पुनर्बिचारको लागि हेटौंडा उपमहानगरलाई सहकारी सञ्जाल मकवानपुरले नगर प्रमुख र उपप्रमुखलाई ध्यनाकर्षण गराएको छ ।

मकवानपुर जिल्ला सहकारी संघका अध्यक्ष नारायणप्रसाद देवकोटाको अध्यक्षतामा मंगलबार हेटौंडामा बसेको जिल्ला सहकारी सञ्जालको बैठकले सो कर सहकारी संघसंस्थाको हितमा नभएकोले पुन: बिचार गर्नको लागि ध्यानाकर्षण गराउने निर्णय गरेको थियो । सोहीअनुसार सहकारी सञ्जाल मकवानपुरले बुधबार हेटौंडा उपमहानगरपालिका कार्यालयमा बुझाएको ध्यानकर्षणपत्रमा 'सहकारी क्षेत्रको आर्थिक अवस्था जटिल भईरहेको समयमा सरोकारवालासँग बिनापरामर्श एकपक्षीयरुपमा अवैज्ञानिक र अब्यवहारिकरुपमा बृद्धि भएको ब्यवसाय करलाई ब्यवहारिक र एक रुपता कायम गर्नका लागि अविलम्ब करको दर पुनर्बिचार गर्न अनुरोध गर्दछौ ।' उल्लेख गरिएको छ ।

नगरसभाले हेटौंडा उपमहानगरपालिकामा रहेका बहुउद्देश्यीय सहकारी संघसंस्थालाई वार्षिक १२ हजार रुपैयाँ, बचत तथा ऋण सहकारी संघसंस्थालाई ८ हजार रुपैयाँ, अन्य सहकारी संघसंस्थालाई ५ हजार, दुग्धउत्पादक र कृषि सहकारी संघसंस्थालाई १ हजार पाँच सय रुपैयाँ ब्यवसाय कर निर्धारण गरेको थियो । अघिल्लो वर्ष उपमहानगरपालिकाले सबै विषयका सहकारी संघसंस्थाका लागि समान २ हजार ५ सय रुपैयाँ ब्यवसाय कर लिने गरेको थियो ।

सहकारी सञ्जाल मकवानपुरले दुग्धउत्पादक र कृषि सहकारी संघसंस्थालाई उपमहानगरले गतवर्षभन्दा ब्यवसाय कर घटाएकोमा धन्यवाद दिँदै बाँकी संघसंस्थाको हकमा बृद्धि गरिएको करको दरलाई घटाई दुग्धउत्पादक र कृषि सहकारी संघकै समान दर कायम गर्न अनुरोध गरिएको छ । ध्यानाकर्षणपत्र बुझ्दै नगरप्रमुख मीनाकुमारी लामाले करको दरलाई अर्को नगरसभाबाट परिमार्जन गर्ने बताइन् ।

त्यस्तै उपप्रमुख राजेश बानियाँले सहकारी संघसंस्थाको ब्यवसाय कर निर्धारणको सन्दर्भमा सहकारी सञ्जालको सुझावलाई आत्मसाथ गरी अगाडि बढ्ने बताए । ध्यानाकर्षणपत्र बुझाउने क्रममा मकवानपुर जिल्ला सहकारी संघ लि.का अध्यक्ष देवकोटा, राष्ट्रिय सहकारी महासंघ लिमिटेडका सञ्चालक बद्रीप्रसाद लम्साल, जिल्ला बचत तथा ऋण सहकारी संघ लि. मकवानपुरकी अध्यक्ष कल्पना श्रेष्ठ, मकवानपुर जिल्ला बहुद्देसीय सहकारी संघ लि.का अध्यक्ष रामहरि न्यौपाने, मकवानपुर जिल्ला दुग्धउत्पादक सहकारी संघ लि.का अध्यक्ष हरि प्रसाद कँडेल, जिल्ला कृषि सहकारी संघ लि. मकवानपुरकी उपाध्यक्ष रेखा खतिवडा, राष्ट्रिय सहकारी बैक बागमती प्रदेश कार्यालयप्रमुख रामेश्वर अर्याल, नेफ्स्कुन, फिल्ड कार्यालय हेटौडाका ईञ्चार्ज बिदुर खड्का लगायतको उपस्थिति रहेको थियो ।

# महेन्द्र माविका विद्यार्थीलाई स्वागत तथा बिदाई

हेटौंडा, २३ साउन/ हेटौंडा उपमहानगरपालिका-१३ पदमपोखरीमा रहेको महेन्द्र माध्यमिक विद्यालयबाट एसईई परीक्षामा उत्तीर्ण भएका विद्यार्थीलाई सम्मान गरिएको छ । विद्यालयमा अध्यापन गरी एसईई तथा (+२) कक्षा उत्तीर्ण गर्ने विद्यार्थीलाई हेटौंडा उपमहानगर प्रमुख मीनाकुमारी लामाले सम्मानीत गरेकी हुन् । विद्यालयबाट परीक्षामा उत्तीर्ण भएका ३८ विद्यार्थीलाई बुधबार आयोजित कार्यक्रममा सम्मान गरिएको हो । परीक्षामा उत्कृष्ट अंक ल्याउले विद्यार्थीलाई नगदसहित सम्मानीत गरिएको थियो । विद्यार्थीलाई सम्मान गर्दै नगरप्रमुख लामाले शिक्षालाई व्यावहारिक बनाउन जरुरी रहेको बताइन् । उनले शैक्षिक प्रमाणपत्रमा मात्र सीमित रहेको शिक्षालाई प्रबिधिमैत्री बनाउँदै अघि बढाउन जरुरी रहेको बताइन् ।

शैक्षिक सुधारका लागि उपमहानगरले काम गरिरहेको बताउँदै शिक्षासँगै रोजगारीको व्यवस्थापन मिलाउने अवस्था बनाउन जरुरी रहेको बताइन् । न्युनतम शिक्षा पुरा भएपछि थप शिक्षाका लागि आफैंले रोजगारीको अवस्था बनाउने वातावरण तयार गर्नुपर्ने बताइन् । कार्यक्रममा विद्यालयका लागि २ लाख ५ हजार रुपैयाँ बराबरको अक्षयकोष स्थापना गर्ने चन्द्रबहादुर वाइबालाई दोसल्ला ओढाएर सम्मानीत गरिएको थियो ।

# कृषि विकास निर्देशनालयको समीक्षा गोष्ठी



साझाकुरा संवाददाता

हेटौंडा, २३ साउन/ बागमती प्रदेश सरकारको कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गतको कृषि विकास निर्देशनालयले आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रगति समीक्षा गरेको छ ।

साउन २२ र २३ गते आयोजित दुई दिने गोष्ठीमा कृषि तथा पशुपन्छी विकासमन्त्री प्रकाश श्रेष्ठ प्रमुख अतिथि रहेका थिए । मन्त्री श्रेष्ठले कृषिक्षेत्रमा बजेट बढाउन जोड दिने बताउँदै यसै आर्थिक वर्षदेखि कृषिऋणमा ब्याज अनुदान दिन सुरु गर्ने घोषणा गरे । मन्त्रालयका सचिव विनोदकुमार भट्टराईले कार्यालयको उपलब्धि सन्तोषजनक रहेको तर, अझै सुधार गर्न सकिने बताए । उनले नयाँ मोडलबाट काम सञ्चालन गर्न लागिएको जानकारी दिए ।

निर्देशनालयका निर्देशक सुधीर श्रेष्ठको अध्यक्षतामा भएको गोष्ठीमा गत वर्षको प्रगतिबारे छलफलसँगै श्रेष्ठले, यस वर्ष थप प्रगति हासिल गर्न उपलब्ध स्रोतसाधनको उचित प्रयोग गर्नुपर्ने बताए । कार्यक्रममा कृषिक्षेत्रको बजेट वृद्धि, सेवाप्रवाह सुधार, पारदर्शिता र सुशासनमा जोड दिनुपर्ने विषयमा छलफल भयो ।

रैथाने बालीको प्रवर्द्धन र नयाँ कार्यक्रम मोडेलको कार्यान्वयनमा पनि जोड दिइएको थियो । निर्देशनालय मातहतका १९ वटा कार्यालयले आफ्नो वार्षिक प्रगति विवरण प्रस्तुत गरेका थिए । यस गोष्ठीले आगामी वर्षका लागि रणनीति तय गर्न मद्दत पुग्ने आयोजकले बताएको छ ।










साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना